**बैठक नं. ४६**

**आज मिति २०८० पुस २९ गते, आइतबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको अध्यक्षतामा भक्तपुर नगरपालिका नगर कार्यपालिका बैठक भनपा वडा नं. २ स्थित नयां भवन व्यासीमा निम्न उपस्थितिमा बसी निम्न विषयमा छलफल र निर्णय गरियो :**

***उपस्थिति***

१. प्रमुख श्री सुनिल प्रजापति

२. उप-प्रमुख श्री रजनी जोशी

३. वडाध्यक्ष श्री श्याम कृष्ण खत्री

४. वडाध्यक्ष श्री हरि प्रसाद बासुकला

५. वडाध्यक्ष श्री राज कृष्ण गोरा

६. वडाध्यक्ष श्री उपेन्द्र सुवाल

७. वडाध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

८. वडाध्यक्ष श्री हरिराम सुवाल

९. वडाध्यक्ष श्री उकेश कवां

१०. वडाध्यक्ष श्री कृष्ण प्रसाद कोजु

११. वडाध्यक्ष श्री रविन्द्र ज्याख्व

१२. वडाध्यक्ष श्री लक्ष्मी प्रसाद ह्यौमिखा

१३. कार्यपालिका सदस्य श्री रोशनमैया सुवाल

१४. कार्यपालिका सदस्य श्री छोरीमैया सुजखु (प्रजापति)

१५. कार्यपालिका सदस्य श्री सुनिता प्रजापति (अवाल)

१६. कार्यपालिका सदस्य श्री कृष्णप्यारी भुजु

१७. कार्यपालिका सदस्य श्री रञ्जना त्वाती

१८. प्रमुख प्रशासकीय अधिकृत श्री बसन्त भट्टराई

विषयहरु :

१. १५ औं नगर सभा सम्बन्धमा ।

२. विविध ।

निर्णयहरु :-

१. **'ख्वप इन्जिनियरिङ्ग कलेजको विनियम, २०६५'** को संशोधन प्रस्ताव स्वीकृत गरी नगर सभामा निर्णयार्थ पेश गर्ने निर्णय गरियो :

**ख्वप इन्जिनियरिङ्ग कलेजको विनियम २०६५ मा संशोधन प्रस्ताव**

| क्र.सं. | साविकको व्यवस्था | संशोधित व्यवस्था | संशोधन गर्नेपर्ने कारण |
|---|---|---|---|
| १ | प्रस्तावनामा साविकको व्यवस्थामा थप गर्नुपर्ने | भक्तपुर नगरपालिकाबाट<br>....'गैर नाफामुखी सामुदायिक कलेजको रुपमा<br>' थप गर्ने | भक्तपुर नगरपालिकाले संचालन गरेको कलेज सामुदायिक कलेज भएको व्यहोरा विनियममा उल्लेख हुनु पर्ने भएको । |
| २ | परिच्छेद- १ नाम र प्रारम्भमा साविकको व्यवस्थामा परिच्छेद १, नियम ३(२०) र (२१) थप गर्ने | परिच्छेद १, नियम ३(२०) : कलेजको वार्षिक योजना तथा बजेटको छलफल तथा निर्णय गर्न संचालक समितिले एक कलेज साधारण सभाको व्यवस्था गर्नेछ । कलेज साधारण सभाको सदस्य हुन सबै नेपाली नागरिक योग्य हुनेछ ।<br>परिच्छेद १, दफा ३(२१) : ख्वप कलेज अफ इन्जिनियरिङ्ग भक्तपुर नगरपालिकाको पूर्ण स्वामित्वमा संचालित छ । | कलेजको साधारण सभा र कलेज भक्तपुर नगरपालिको पूर्ण स्वामित्वमा संचालित भएको व्यहोरा विनियम उल्लेख हुनुपर्ने भएको । |
| ३ | परिच्छेद-२ संचालक समितिमा साविकको व्यवस्थामा ६ ख, थप गर्ने | विनियम ६(ख) कलेज संचालक समितिको गठन भक्तपुर नगरपालिकाले गरे अनुसार हुनेछ । संचालक समितिको पदावधि पांच वर्षको हुनेछ । भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल नभएमा वहालवाला संचालक समिति नै पदाधिकारी हुनेछ । | कलेजका विनियममा संचालन समितिको पदावधि उल्लेख हुनुपर्ने भएको । |
| ४ | परिच्छेद-११ विविधमा साविकको व्यवस्थामा नियम ६६ थप गर्ने | नियम, ६६, कुनै पनि कारणले कलेज संचालन हुन नसक्ने अवस्थामा कलेजको सम्पूर्ण चल अचल सम्पत्ति भक्तपुर नगरपालिकाको हुनेछ । | विनियममा कलेजको सम्पत्ति भक्तपुर नगरपालिकाको स्वामित्व हुने उल्लेख हुनुपर्ने भएको । |

२. **"ख्वप अस्पताल संचालन तथा व्यवस्थापन नियमावली २०७७"** को संशोधन प्रस्ताव स्वीकृत गरी नगर सभामा निर्णयार्थ पेश गर्ने निर्णय गरियो :

अनुसूची ३
(नियम १० संग सम्बन्धित )
भक्तपुर नगरपालिका
ख्वप अस्पताल
सेवा रहने पदहरु

| क्र.स | सेवा | समुह | पदको नाम |
|---|---|---|---|
| २३ | प्रशासन | जिन्सी | अधिकृत तह<br>१. सिनियर (वरिष्ठ) जिन्सी अधिकृत<br>२ जिन्सी अधिकृत<br>सहायक तह<br>१. जिन्सी सहायक |

अनुसूची ५
(नियम २५ (३) संग सम्बन्धित )
भक्तपुर नगरपालिका
ख्वप अस्पताल
पदपूर्ति तथानियुक्तिकालागिआवश्यकन्युनतम योग्यता


| क्र.सं | सेवा | समुह | उपसमुह | पद /तह | न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| १८२ | प्रशासन | जिन्सी | जिन्सी | सिनियर (वरिष्ठ) जिन्सी अधिकृत/सातौं तह | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातकोत्तर वा सो सरहको उपाधीहासिल गरेको, कम्प्यूटर तथाजिन्सी सम्बन्धीजान र सीप भएको र जिन्सीमाअधिकृतको पदमाकम्तीमा ४ बर्ष सेवा गरेको । |
| | | | | जिन्सी अधिकृत /छैठौं तह | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा स्नातक वा सो सरहको उपाधीहासिल गरेको र कम्प्यूटर तथाजिन्सी सम्बन्धिजान र सीप भएको । |
| | | | | जिन्सी सहायक /पाचौं तह | मान्यताप्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा +2 वा सो सरहको उपाधी हासिल गरेको र कम्प्यूटर तथा जिन्सी सम्बन्धी ज्ञान र सीप भएको र जिन्सी सहायक पदमा कम्तिमा ४ बर्ष सेवा गरेको । |
| | | | | जिन्सी सहायक / चौथो तह | मान्यता प्राप्त शिक्षण संस्थाबाट व्यवस्थापन संकायमा +2 वा सो सरहको उपाधी हासिल गरेको र जिन्सी सम्बन्धी ज्ञान र सीप भएको । |

३. ''**ख्वप कलेज विनियम २०६५"** को संशोधन प्रस्ताव स्वीकृत गरी नगर सभामा निर्णयार्थ पेश गर्ने निर्णय गरियो :


''**ख्वप कलेज विनियम २०६५"** माथिको संशोधन प्रस्ताव

| निर्णय मिति | साबिकको निर्णय | संशोधन भएको निर्णय |
|---|---|---|
| २०७७ माघ ३० गते | **परिच्छेद १,**<br>**३ (२०) :**<br>कलेजको वार्षिक योजना तथा बजेटको छलफल तथा निर्णय गर्न सञ्चालक समितिले एक कलेज सभाको व्यवस्था गर्नेछ । | **परिच्छेद १,**<br>**दफा ३ (२०) :**<br>कलेजको वार्षिक योजना तथा बजेटको छलफल तथा निर्णय गर्न सञ्चालक समितिले एक कलेज साधारण सभाको व्यवस्था गर्नेछ । कलेज साधारण सभाको सदस्य हुन नेपाली नागरिक हुनु पर्नेछ । |
| २०७७ माघ ३० गते | परिच्छेद - २<br>सञ्चालक समिति<br>६ : देहाय बमोजिमको ख्वप कलेजको एउटा सञ्चालक समिति हुनेछ -<br>१. अध्यक्ष: सुनिल प्रजापति, भक्तपुर नगरपालिका प्रमुख<br>२. उपाध्यक्ष:रजनी जोशी, उपप्रमुख, भक्तपुर नगरपालिका<br>३. सदस्य : रवीन्द्र ज्याख्व, वडा अध्यक्ष, भनपा वडा नं. ९<br>४. सदस्य : हरिराम सुवाल, वडा अध्यक्ष, भनपा वडा नं. ६<br>५. सदस्य सचिव : प्राचार्य | परिच्छेद - २<br>सञ्चालक समिति<br>६ : १ . देहाय बमोजिमको ख्वप कलेजको एउटा सञ्चालक समिति हुनेछ -<br>१. अध्यक्ष: सुनिल प्रजापति, भक्तपुर नगरपालिका प्रमुख<br>२. उपाध्यक्ष:रजनी जोशी, उपप्रमुख, भक्तपुर नगरपालिका<br>३. सदस्य : रवीन्द्र ज्याख्व, वडा अध्यक्ष, भनपा वडा नं. ९<br>४. सदस्य : हरिराम सुवाल, वडा अध्यक्ष, भनपा वडा नं. ६<br>५. सदस्य सचिव : प्राचार्य<br>६ २. कलेज सञ्चालक समितिको गठन भक्तपुर नगरपालिकाले गरेअनुसार हुनेछ । सञ्चालक समितिको पदावधि पाँच वर्षको हुनेछ । भक्तपुर नगरपालिकामा जनप्रतिनिधि बहाल नभएमा बहालवाला सञ्चालक समिति नै पदाधिकारी हुनेछ । |
| २०७७ माघ ३० गते | ➢ दफा ६६ थप्नुपर्ने (हाल दफा ६५ सम्म रहेको) | • दफा ६६ : कुनै पनि कारणले कलेज सञ्चालन हुन नसक्ने अवस्थामा कलेजको सम्पूर्ण चल-अचल सम्पत्ति भक्तपुर नगरपालिकाको हुनेछ । |
| २०८० जेठ १९ | परिच्छेद १<br>नाम र प्रारम्भ<br>३: परिभाषा :<br>२० : कलेजको वार्षिक योजना तथा बजेटको छलफल तथा निर्णय गर्न सञ्चालक समितिले एक कलेज साधारण सभाको व्यवस्था गर्नेछ । कलेज साधारणसभाको सदस्य हुन नेपाली नागरिक हुनुपर्नेछ । | परिच्छेद १<br>नाम र प्रारम्भ<br>३: परिभाषा :<br>२० : कलेजको वार्षिक योजना तथा बजेटको छलफल तथा निर्णय गर्न सञ्चालक समितिले एक कलेज सभाको व्यवस्था ।गर्नेछ । कलेज सभाको सदस्य हुन सबै नेपाली नागरिक योग्य हुनेछ । |

## अनुसूची : २
## साविकका साङ्गठनिक संरचना



## अनुसूची : २
## संशोधित साङ्गठनिक संरचना



४. **"शिक्षक, बाल विकास सहजकर्ता तथा विद्यालय कर्मचारी कामकाजमा खटाउने सम्बन्धी कार्यविधि २०८०"** स्वीकृत गरी नगर सभामा निर्णयार्थ पेश गर्ने निर्णय गरियो ।

५. **'भक्तपुर नगरपालिकाको नगर प्रहरी ऐन,, २०७५ मा पहिलो संशोधन विधेयक, २०८०'** संशोधन प्रस्ताव स्वीकृत गरी नगर सभामा निर्णयार्थ पेश गर्ने निर्णय गरियो :

संशोधनको तिन महले विवरण

| क्र.सं. | सम्वन्धित बुँदा | साविकको व्यवस्था | संशोधन पछिको व्यवस्था | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|---|
| १. | दफा ३ | ३. नगर प्रहरीको सञ्चालन एवं परिचालनः (१) कार्यालयले नगर प्रहरीको नेतृत्व एवम् परिचालन गर्न कम्तीमा प्रहरी सहायक निरीक्षक बराबरको पारिश्रमिक सुविधा पाउने गरी एक जना नगर प्रहरी प्रमुख तोक्नेछ । | ३. नगर प्रहरीको सञ्चालन एवं परिचालनः (१) नगर प्रमुखले नगर प्रहरीको नेतृत्व एवम् परिचालन गर्न एक प्रहरी निरीक्षक नियुक्त गर्न सक्ने छ । | सहायक भन्ने शब्द झिकिएको<br>नगर प्रहरीको नेतृत्व प्रहरी निरीक्षकको पदबाट गर्न वाञ्छित भएकोले |

६. **'भक्तपुर नगरपालिका, शैक्षिक ऋण दिने सम्बन्धमा बनेको निर्देशिका, २०७५'** मा पहिलो संशोधन विधेयक, २०८० स्वीकृत गरी नगर सभामा निर्णयार्थ पेश गर्ने निर्णय गरियो :

संशोधनको तिन महले विवरण

| क्र.सं. | सम्बन्धित बुँदा | साविकको व्यवस्था | संशोधन पछिको व्यवस्था | संशोधन हुनुपर्ने कारण |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| १. | दफा ४ | ४.५. शैक्षिक ऋण प्रत्येक वडाबाट दश जना विद्यार्थीलाई मात्र दिन सकिनेछ । | ४.५. खारेज गर्ने | शैक्षिक ऋण प्रदान गरिने संख्यामा तोक्न आवश्यक नभएकोले । |

२. **विविध विषयमा छलफल हुंदा निम्नानुसार गर्ने निर्णय गरियो :**

क. **स्थानीय तह संस्थागत क्षमता मूल्यांकन (LISA) का प्रारम्भिक नतिजामाथि जिल्ला समन्वय समितिबाट प्राप्त पृष्ठपोषण सम्बन्धमा छलफल गरी आवश्यक संशोधन समेत गरी सकिएको र औसतमा प्राप्त ७५.७५ प्रतिशत नतिजा सम्बन्धमा आवश्यक छलफल गर्दा प्राप्त नतिजालाई सार्वजनिक गर्ने निर्णय गरियो ।**